# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १७ गते ०१ साल

## भाग ३

### सूचना

भारतबाट एक्सपोर्ट बेसिसमा आउने कपडामध्ये बीसहजार गाँठको लाइसेन्स भैसकेको र फेरि अरू बीसहजार गाँठको पनि लाइसेन्स दिने प्रबन्ध भएको हुनाले यो सूचना प्रकाश गर्ने काम भएको छ। यस विभागबाट दिने नियमबमोजिम सो कपडाको इम्पोर्टर भै काम गर्न इच्छा हुनेले निम्न लेखिएबमोजिमको नमूनाबमोजिमको दरखास्तमा भरी रू. १० दश साथ राखी यस सिभिल सप्लाइजविभाग सिंहदरबारमा सदरकाले भाद्र २५ गतेसम्ममा र मोफसलतर्फकाले आश्विन २०। गते सम्ममा दरखास्त गर्नू। यस्तै इम्पोर्टर बेसिसमा आउने कपडाको इम्पोर्टर लाइसेन्स पाई नोमिनीले उठाई राखेको पुरानो कोटाको कपडामध्ये प्रतिशत ५ पाँच गाँठका दरले उठाउनेहरूको रीतपूर्वक दरखास्त पर्नआएमा निजहरूको दरखास्त-उपर विशेष विचार गरिनेछ।रीतपूर्वकको सबै दरखास्त पर्नआएको हेरी भैरहेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदेशपत्र र नियम रुलबमोजिम दिनहुने ठहरिएकाहरूलाई यो कपडा पैठारी गर्ने इजाजतपत्र गरिदिइनेछ ।

दरखास्तको नमूना

मिति : . . . . . .

श्रीडाइरेक्टर,
सिभिल सप्लाइजविभाग,
सिंहदरवार, नेपाल.

महाशय,

त्यस विभागको नियम रुलबमोजिम काम गर्न मन्जूर भै दरखास्त गरेको छु । एक्सपोर्ट बेसिसमा आउने कपडा पैठारी गर्ने इजाजतपत्र पाउँ ।

१ दरखास्तवालाको तीनपुस्ते नाम थरः-
२ फारामको नाम [ रजिष्टर्ड वा वेरजिष्टर्ड ]
३ वतन र पसलको कोठीको पूरा ठेगानाः-
४ नयाँ वा पुरानो व्यापारीः-
५ सरहदिया वा विदेशीः-
६ पैठारी गर्ने इलाका र गाँठः-
७ दरखास्तमा राखेको दस्तूरः-

अधिकारी व्यक्तिको सहि

---

का. मु. डाइरेक्टर, सिभिल सप्लाइज विभाग,
सिंहदरवार.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना

भारतबाट आउने एक्सपोर्ट बेसिसको कपडामा भारत सरकारले एक्सपोर्ट ड्यूटिफ्री गरिदिएकोले व्यापारीहरूलाई यो सूचनाद्वारा सूचित गर्ने काम भएको छ। उक्त लेखिएबमोजिम एक्सपोर्ट बेसिसमा आउने कपडा पैठारी गर्दा सो फ्री भएको ड्यूटि मिन्हा गराई मात्र ल्याउने गर्नू र सो कपडा बिक्री वितरण गर्दा सो ड्यूटि पर्तामा जोडी बिक्री गर्न पाइँदैन।

का. मु. डाइरेक्टर,
सिभिल सप्लाइज विभाग,

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।